# आठराई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**सक्रान्तिवजार, तेह्रथुम**

खानी तथा नदीजन्य पदार्थको विक्रीकालागि वोलपत्र आवह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७।०६।१९

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६४को १(च)ले दिएको अधिकार प्रयोग गरि प्राकृतिक स्रोत कर असुली सम्वन्धी कार्य आ.ब २०७७।०७८को लागि ठेक्का द्धारा गराउन यो सुचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकीएको म्याद भित्र कानुनी प्रकृया पुरा गरेका इच्छुक फर्म/कम्पनी हरुले बोलपत्र खरिद गरि देहायको मिति र समय भित्र शिलवन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ ।

ढुंगा गिट्टी बालुवा ग्राबल आदी प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण

| सि.न | ठेक्का न | नदी/खोलाहरुको विवरण | न्युनतम ठेक्का अंक ( मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर | सुचनाको अवधी |
|---|---|---|---|---|---|
| | आय ०१-२०७७।७८ | तमोर नदी (पिनासे घाट ,प्यागे दोभान,नकले घाट,तिनतारे,माझि टार घुमाउने घाट) | रु १२,२६,१९७।०१ (बाह्र लाख छब्बीस हजार एक सय सन्तानब्वे रुपैया पैसा एक मात्र ।) | १,०००। | १५ दिन |

१.यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र इच्छुक फर्म वा कम्पनीहरुले फर्म दर्ता, फर्म नविकरण भएको प्रमाण पत्र प्रतिलिपि, मुल्य अभिवृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखि फर्म वा कम्पनीका आधिकरिक व्यक्ति वा प्रतिनिधीले आठराई गाउँपालिकाको कार्यालय, सक्रान्तिवजार तेह्रथुमको नेपाल वंगलादेश बैकमा रहेको खाता न ०३१००००१४१ मा बोलपत्र दस्तुर वापतको रकम ( फिर्ता नहुने गरि) जम्मा गरेको भौचर समेत संलग्न गरि खरिद गर्न सक्नेछ । खरिद भएका बोलपत्रहरु १६ औ दिनको अपरान्हन १२.०० बजे भित्र गाउँपालिको कार्यालयमा दर्ता गर्नुपर्ने छ । उक्त बोलपत्रहरु १६ औ दिनको दिउसो २.०० बजे खोलिने छ । बोलपत्र खरिद गर्ने वा पेश गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा सो को लगत्तै कार्यालय खुलेको दिन खरिद गर्न वा वुझाउन सकिने छ ।

२. ठेक्का प्रकृयामा सहभागी हुन चाहने इच्छुक फर्म वा कम्पनीले कबोल अंकलाई आधारमानी ५ प्रतिशत रकम यस गाउँपालिकाको कार्यालय, सक्रान्तिवजार तेह्रथुमको नाममा नेपाल बंगलादेश बैक सक्रान्तिवजार शाखामा रहेको धरौटी खाता न. ०३१००००८४१ मा जम्मा गरी सो भौचरको सक्कल प्रति वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकबाट जारी भएको ९० दिन म्याद भएको बैक ग्यारेन्टी (BID BOND) संलग्न राखी सिलवन्दी बोलपत्र पेश गर्नु पर्ने छ ।

३. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

४. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने तथा खारेज गर्ने पुर्ण अधिकार यस गाउँपालिकामा निहित्त रहने छ ।

५.बोलपत्र प्रकृयामा सफल हुने फर्म तथा कम्पनीले कबोल गरेको रकम एक मुष्ट अग्रिम रुपमा वुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिने तर नियम अनुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि छुट दिइने छैन ।

थप जानकारीको लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।

२०७७।६।१९

प्रमुख प्रशासकीय अधिकृत